मिति :- २०७५/१२/२३

# आर्थिक प्रतिवेदन

**बाहिङ किराँत मुलुखिम**
**जि.का.स. सुनसरी, धरान**

**सभाको सभाध्यक्ष ज्यू,**

बाहिङ किराँत मुलुखिम जिल्ला कार्य समिति धरानको दोस्रो सम्मेलनलाई अति सोभनिय वनाउनको लागि वा.कि.मु. केन्द्रिय कार्यसमिति काठमाण्डौंवाट पाल्नु हुने प्रमुख अतिथि महासचिव धिरेन सुस्तोचा वाहिङ ज्यू विशिष्ट अतिथि कुमारी (वाहिङ) कोयु राई यसरी यस सम्मेलनलाई अझ वढी सोभनियको लागि नेपाल आदिवासी जनजाति महासंघ ईकाई समिति धरान-६ का अध्यक्ष उर्गेन छ्योलिङ गुम्बा खैरेनी-५ का प्रतिनिधि, नेपाल किराँत कुलुङ भाषा सँस्कृति उत्थान संघका प्रतिनिधि, थुलुङ समाज संघका प्रतिनिधि, वाम्वुले समाज संघका प्रतिनिधि साथै यस द्याल कार्यसमितिका प्रतिनिधी ज्यूहरु लगायत आजिवन सदस्य साधारण सदस्य अन्य सवै उपस्थित मामा पापा, दिदि वहिनी, दाजु भाई सवै सवैमा आजको कार्यक्रमलाई अति शोभनिय वनाउनु भएकोमा म यस समितिको कोषाध्यक्ष मेरो व्यक्तिगत रण रिनाम्साचा वाहिङ वाट यहाँहरु सवैलाई सेवा ।

बाहिङ किराँत मुलुखिमको विषयलाई लिएर अगाडि वढाउनको लागि यो सुनसरी जिल्ला आज २०७५ साल चैत्र २३ गते दोस्रो सम्मेलन यस समितिले आवहान गरेका छौ किनकी हामीले हाम्रो आफ्नो भाषा भेषभुषा, सँस्कार सँस्कृती वचाउनको लागि एक हुन आवश्यकता पर्दछ । यसमा हामी वाहिङ जाति मात्र नभएर जति पनि सुचिकृत भित्र नपरेका जातजाती छौं सवैले आफ्नो पहिचानको

लागि जागृत भएर उठनु पर्दछ । जब सम्म हामी यसको लागि संगठित भएर जान सकिदैन तब सम्म हामी पछाडी पर्नेछौं किनकी जो जसलाई भएपनि आफ्नो मातृभाषा, मातृभुमि प्रति माया हुन्छ नै कसैले कसैको भाषालाई मार्न पाईन्न । सवैले सबैको जगेर्ना गर्नुपर्ने हुन्छ । तर यहाँ अहिले यी भएका भाषा सँस्कार, सँस्कृति हराउनको लागि जाल प्रपञ्च रचिएको पाईन्छ । यसरी लोप भएका भाषा सँस्कृतीलाई वचाउनको लागि राज्यको ठूलो भूमिका रहनु सक्नुपर्छ । उदाहरणको लागि " बगैंचामा एक प्रकारको फुल मात्र भएर बगैंचा राम्रो देखिन्न तर बगैंचामा विविध फुलहरु फुल्यो भने बगैंचा पनि अति सौन्दार्यता देखिन्छ । जस्तै हाम्रो देश नेपाल पनि वहुभाषा भाषि, सँस्कार, सँस्कृति भएको हुनाले नेपाल एक सौन्दर्य देश मान्न सकिन्छ तर यहाँ जव एउटै भाषाको मात्र राष्ट्रिय भाषा खस भाषालाई मात्र प्रयोगमा ल्याउने अन्य भाषाको चहि अन्त्य गर्ने प्रथाले अर्को भाषाको विकास हुन नसकेको हुँदा हामी बाहिङ भाषिहरु पनि आफ्नो भाषा उत्थानको लागि संगठित भएर जानुपर्नेछ । अन्तमा म यो लामो ईतिहास नवनाई २०७४ चैत्र २३ गतेदेखि हाल २०७५ चैत्र २३ सम्मको आय-व्यय प्रस्तुत गर्दछु ।

**आम्दानी**

१. देउराली, पानवारी, ङप्सी द्याल र तरहरा ईटहरी द्याल समितिवाट (२०७४ चैत्र) रु. १५,०००/-

२. २०७५/०२/१७ गते रसिद नं. १६ रु. ६,०००/-

३. २०७५/१२/१५ रसिद नं. १४,१५,१६,१७ रु. ४०,०००/-

४. देउराली द्याल कार्यसमितिवाट आजिवन सदस्य र साधरण सदस्यवाट रसिद नं. २८ रु. १५,२५०/-

५. तरहरा द्याल कार्यसमितिवाट आजिवन सदस्य र साधरण सदस्यवाट रसिद नं. २६ रु. २०,७५०/-

६. ङप्सी द्याल कार्यसमितिवाट आजिवन सदस्य र साधरण सदस्यवाट रसिद नं.२९ रु. १९,७५० /-

**जम्मा रु. १,१६,७५० /-**

**खर्च तर्फ**

१. २०७४/१२/२४ गते तेस्रो साधारण सभामा रु. ९,६९५/-

२. मर्मत सम्भार रु. १४०० /-

३. श्रद्धाञ्जली रु. ४,९९०/-

४. आर्थिक सहयोग कोष भित्र एम्बुलेन्स र वम्वुले समाज संघ रु. ३७,२१५/-

| | |
|---|---|
| ५. यातायात खर्च | रु. ४,०००/- |
| ६. स्टेस्नरी खर्च | रु. ६५०/- |
| ७. विविध खर्च | रु. २८१०/- |
| | **जम्मा ६०,७६०/-** |
| बैंङ्कमा जम्मा | रु. ४९,४९०/- |
| कोषाध्यक्ष जिम्मा | रु. ६,५००/- |
| भवन निर्माणको लागि संकलन भएको रकम | रु. ३,०४६८४/- |

**प्रार्थी**
कोषाध्यक्ष
रण रिनाम्साचा